Vangmaya
Vol. 21, No. 1: 119-130, December 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v21i1.74245
ORCID ID: https://orcid.org/0009-0002-1882-1192

# *झल्को* बालउपन्यासको पर्यावरणीय सन्दर्भ

**उपप्रा. राजेन्द्र खनाल (विद्यावारिधि)**

## लेखसार

*प्रस्तुत लेखमा 'झल्को' बालउपन्यासमा समावेश गरिएका पर्यावरणीय सन्दर्भको पहिचान गरी तिनको विश्लेषण गरिएको छ । गुणात्मक ढाँचामा लेखिएको यस आलेखमा निर्दिष्ट उपन्यासमा समाविष्ट पर्यावरणीय विषयवस्तु उल्लेख भएका कथन वा भाषिक तथ्य प्राथमिक स्रोतका रूपमा रहेका छन् । पर्यावरणीय समालोचनासँग सम्बन्धित सैद्धान्तिक ग्रन्थ, लेख तथा प्रतिवेदनलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । आलोचनात्मक विश्लेषण प्रक्रिया अवलम्बन गरी तयार पारिएको यस लेखमा निर्दिष्ट पुस्तकका पर्यावरणीय विषयवस्तु मूल तथ्य बनेका छन् । निर्दिष्ट कृतिमा पर्यावरण र मानिसबिचको सम्बन्ध, सामाजिक एवम् सांस्कृतिक पर्यावरणका विषयवस्तु र पर्यावरणीय संरक्षणमा मुद्दा प्रस्तुतिका साथै पर्यावरणको संरक्षणका प्रौढ तथा बालबालिका सक्रिय रहेको देखाउँदै उक्त सचेतनाको प्रबलीकरण पनि गरिएको छ । यसमा पर्यावरणीय पक्ष एवम् मानिसको सम्बन्ध अन्योन्याश्रित रहेको जनाउँदै मानिसको जीवनयापनमा पर्यावरणको प्रमुख भूमिका भएको विचार र नेपालका सामाजिक एवम् सांस्कृतिक विषयवस्तुमा आधारित परिवेशसहित मानिसका लागि तिनको भूमिका दर्साइएको छ । जन्मदिनको उत्सव मनाउँदा होस् वा मृत्यु संस्कारका सन्दर्भ वृक्षरोपण गर्ने परम्परा विकास गर्नुपर्ने सन्देश सरल र स्वाभाविक किसिमले अभिव्यक्त भएको 'झल्को' बालउपन्यास पर्यावरणीय दृष्टिले सान्दर्भिक तथा उपयोगी कृति बनेको देखिन्छ । समग्रमा बालबालिकामा पर्यावरणीय सचेतना निर्माण गर्दै नेपाली मौलिक संस्कृतिको विकासका लागि विश्लेष्य कृतिमा पर्यावरणीय सन्दर्भ पहिचान गर्ने अभीष्ट राखिएको छ ।*

**शब्दकुञ्जी :** पर्यावरणीय समालोचना, पर्यासाहित्य, पर्यावरण सन्तुलन, पर्यावरण संरक्षण, सामाजिक सांस्कृतिक पर्यावरण ।

## १. विषयपरिचय

'पर्यावरण' शब्दले सामान्यतः जल, जमीन, हावाको समष्टिगत परिवेशलाई जनाउँछ । पर्यावरणमा आठ ओटा प्रमुख तत्त्व र तिनको सहसम्बन्ध रहेको हुन्छ जसलाई अष्ट 'ज' भनिएको पाइन्छ । उक्त 'अष्ट ज' मा जल, जमिन, जङ्गल, जडिबुटी, जनशक्ति, जनावर, जराजुरी, जलवायु पर्छन् (पौडेल, सन् २०२४, पृ. ७) । मानवका जीवन व्यवहारले पर्यावरणको प्रवर्धन तथा संवर्द्धनमा प्रमुख भूमिका खेलेकाले मानव तथा पर्यावरणबिच अभेद्य सम्बन्ध छ (भट्टराई, २०७०, पृ. ७६) । पर्यावरणले प्राकृतिक तथा मानव निर्मित संरचनालाई जनाउँछ । जैविक प्रक्रियाहरूको समष्टिगत रूपलाई पर्यावरणका रूपमा अर्थ्याइएको पाइन्छ । पर्यावरण भनेको मानिस बसोसास गर्ने वरिपरि तथा समग्र विश्व ब्रह्माण्डमा फैलिएको हावा, पानी, जल, आकाशलगायतका समग्र वस्तुहरूलाई सङ्केत गर्छ अर्थात् प्राकृतिक वस्तु, पदार्थ तथा मानवनिर्मित संरचनाको समष्टि हो । मानिस यही प्रकृतिको अंश भएकाले मानिस र पर्यावरण आपसमा सम्बन्धित छन् ।

मानिस र प्रकृतिका बिचमा जैविक, आर्थिक, भावनात्मक लगायतका अनेक पक्षमा सम्बन्ध रहँदै आएको छ । मानिस प्रकृतिकै अंश भएकाले ऊ हरेक किसिमले प्रकृतिसँग सम्बन्धित रहेको छ । मानिसले पर्यावरणप्रतिको आफ्नो दायित्व पूरा गर्न सकेको छैन । असन्तुलित, स्वार्थपूर्ण र अति प्रयोग गरेका कारण प्रकृति जगत् विनाशको चपेटामा परेको छ । मानिस जिम्मेवारविहीन र विवेकहीन बन्दा प्रकृतिजगत् र स्वयम् मानिसकै अस्तित्व पनि सङ्कटमा परेको छ । जीव र प्राणीको अन्तर्निर्भरताको वर्णन गर्ने पारिस्थितिक पद्धतिको सङ्कटप्रति मानिसको चासो र चिन्ता कम हुँदै गएको छ । प्रकृति विनाशका गतिविधिहरूका साथसाथै यसको संरक्षणप्रतिको चिन्ता र चासो क्रमशः बढ्दै गएको पनि पाइन्छ । पर्यावरण र मानिसबिच अथवा समग्र प्राणीबिच अभेद्य सम्बन्ध रहेकाले पर्यावरणीय पक्ष र मानवबिचमा परस्पर सम्बन्ध केलाई र पर्यावरणीय सचेतनाको पक्ष उद्घाटन गर्ने कार्य आवश्यक हुन्छ । साथै पर्यावरणीय सचेतता निर्माणमा सजग हुनुपर्ने पनि देखिन्छ । प्रस्तुत लेखमा मुख्य पाठहरूमा आधारित अभ्यास, सिपगत एवम् पूरक अभ्यासमा समाविष्ट वातावरणीय सन्दर्भ तथा सचेतताको स्थिति पहिल्याई विश्लेषण गरिएको छ । पर्यावरण तथा मानवबिचको सहसम्बन्धका सवालमा सचेतता निर्माणको आवश्यकता बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा औपचारिक र शैक्षणिक दृष्टिले तयार पारिएका पाठ्यपुस्तकको पर्यापरणीय दृष्टिले मूल्याङ्कन गरी सचेतता निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएकाले प्रस्तुत लेखको औचित्य स्थापित हुने अपेक्षा गरिएको छ ।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा तथा प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ । जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ । औद्योगिक क्रान्तिले फेरि पारिस्थितिक अवधारणाको पुनर्निर्माण गरिदियो । औद्योगिक विकास, आर्थिक उन्नति र मानव हितजस्ता पक्षहरूले प्राथमिकता पाउन थाल्यो । यसै सन्दर्भमा पर्यावरणीय सङ्कटप्रति चिन्ता व्यक्त गर्दै मानवीय व्यवहार र पर्यावरणबिचको सम्बन्धको विवेचन गर्ने समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ । यो मानवकेन्द्री नभई जीवकेन्द्री र पर्यावरणकेन्द्री समालोचना हो । ‘अङ्ग्रेजी भाषामा प्रचलित ‘इकोक्रिटिसिज्म’ शब्द ‘इकोलोजिकल क्रिटिसिज्म’ को सङ्क्षिप्त रूप हो । यसलाई बुझाउन नेपालीमा ‘पर्यावरणीय समालोचना’ को प्रयोग गरिन्छ । यसलाई पर्यावरणीय काव्यशास्त्र, वातावरणीय साहित्य अध्ययन, वातावरणोन्मुख, समालोचना, हरित साहित्य अध्ययन, हरित सांस्कृतिक अध्ययन, हरित व्याकरणजस्ता नामहरूबाट पनि चिनिन्छ (एटम, २०७०, पृ. १७३) । पर्यावरणीय अध्ययन इकोलोजीको प्रमुख अध्ययनशास्त्र बनेको देखिन्छ । मानिसले चेतनालाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्नेमा स्वार्थपूर्ण ढङ्गले प्रयोग भएको देखिन्छ । मानिसका समग्र क्रियाकलापहरू मानवको हितमा समर्पित बन्दै गएका छन् । पर्यावरणको संरक्षण गर्ने कार्यले पनि मानवकै हित गर्दछ यद्यपि मानिसले तत्कालीन हितलाई बढी प्राथमिकता दिँदा पर्यावरण संरक्षण ओझेलमा पर्दै गएको देखिन्छ ।

पर्यावरणीय समालोचनाले मानव जगत्को दीर्घकालीन हितलाई जोड दिँदै पर्यावरणको दिशामा अग्रसर साहित्यिक कृतिमा रहेका चेतनाको खोजी, विश्लेषण र तिनलाई महत्त्व प्रदान दिने काम गर्छ । साहित्यिक कृतिमा रहेका पर्यावरणीय पक्ष एवम् सचेतताको खोजी गरी पर्यावरणमैत्री विश्लेषण गर्ने कार्यमा पर्यावरणीय समालोचनाको दृष्टि केन्द्रित हुन्छ । समालोचनात्मक दृष्टिले पर्यवेक्षण गर्दा पर्यावरणीय पक्षको विश्लेषण मात्र होइन, पर्याचेतको आग्रहतर्फ पनि यस समालोचनाको अपेक्षा रहन्छ । यस लेखमा बालउपन्यासकार गणेशप्रसाद भट्टराईद्वारा लिखित बालउपन्यास ‘झल्को’ मा रहेका पर्यावरणीय सन्दर्भको विश्लेषण गरिएको छ । विश्लेष्य बालउपन्यासमा ग्रामीण परिवेश र सहरिया परिवेशको चित्रण गरिएको छ । त्यसैगरी प्राकृतिक तथा सामाजिक सांस्कृतिक पर्यावरणका विषयवस्तु समाविष्ट छ भने मानिस एवम् पर्यावरणको अन्तःसम्बन्धका पक्ष उठान गरिएको छ । यस लेखको मूल उद्देश्य उक्त कृतिको पर्यावरणीय दृष्टिले विश्लेषण गर्नु रहेको छ । यस लेखबाट निर्दिष्ट कृतिको पर्यावरणीय दृष्टिले विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

पर्यावरणीय दृष्टिले नेपाली बालसाहित्यिक कृतिको विश्लेषण भएको नपाइनु तथा बालबालिकालाई पर्यावरणीय पक्षतर्फ अभिमुख तुल्याउने कृति आवश्यक रहेको अवस्थामा यस लेखको सान्दर्भिकता स्पष्ट हुन्छ । यस लेखमा निर्दिष्ट कृतिमा समाविष्ट निर्दिष्ट पक्षभन्दा इतरका विषयसन्दर्भ एवम् संचनागत विश्लेषण भने गरिएको छैन । यो लेखबाट पर्यावरणीय समालोचना क्षेत्रका अध्येता, समालोचक एवम् निर्दिष्ट बालउपन्यासका पाठकहरू लाभान्वित हुने देखिन्छ । त्यसैगरी कृतिका सर्जकहरूलाई पनि पर्यावरणीय सचेततासहित कृतिलाई पर्यावरणमैत्री बनाउनका लागि अभिप्रेरणा प्राप्त हुने अपेक्षा गरिएको छ ।

## २. अध्ययनविधि

प्रस्तुत लेख 'झल्को' बालउपन्यासमा समावेश भएका पर्यावरणीय सन्दर्भ एवम् सचेतता प्रकट भएका विषयवस्तु विश्लेषणमा केन्द्रित छ । पुस्तकालय कार्यबाट तथ्य सङ्कलन विश्लेषण गरिएको यो आलेख पूर्णतः गुणात्मक ढाँचामा तयार पारिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक स्रोत गरी दुवै स्रोतका सामग्री सङ्कलन गरिएको छ । गणेशप्रसाद भट्टराईद्वारा लिखित 'झल्को' बालउपन्यासमा समाविष्ट पर्यावरणसँग सम्बद्ध प्राकृतिक, सामाजिक एवम् सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित कथन तथा भाषिक तथ्य प्रस्तुत लेखका प्राथमिक स्रोत बनेका छन् । त्यसैगरी पर्यावरणीय समालोचनाका सैद्धान्तिक ग्रन्थ एवम् तत्सम्बन्धी अनुसन्धान प्रतिवेदन, अनुसन्धानात्मक लेख यस लेखका द्वितीयक सामग्री बनेका छन् । प्राथमिक स्रोतका रूपमा कृतिमा रहेका पर्यावरणीय सन्दर्भ प्रत्येक उदाहरण पहिचान गरी टिपोट गरिएको छ । उदाहरणको प्रकृतिका आधारमा आगमनात्मक विधिको उपयोग गरी कृति विश्लेषणका लागि मानिस र पर्यावरणको सम्बन्ध, सामाजिक तथा सांस्कृतिक पर्यावरण एवम् पर्यावरण संरक्षण तीनओटा आधार तय गरिएको छ । पर्यावरणीय समालोचनाको पठन गरी विश्लेषणात्मक आधार निर्माण गरिएको छ । उक्त आधारमा निर्दिष्ट कृतिका सबै विषयवस्तुको पर्यावलोकनसमेत भएको छ । आलोचनात्मक विश्लेषणको ढाँचा अपनाई पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्वरूप एवम् बालउपन्यासको परिचयका साथमा पर्यावणीय दृष्टिले उपयुक्त मानिएका पर्यावरणीय पक्ष एवम् सचेतता भएका विषयवस्तुको तथ्य निरूपण गरी विश्लेषणसहित निष्कर्ष निकालिएको छ ।

## ३. सैद्धान्तिक आधार

बालबालिकाका लागि सिर्जना गरिएको साहित्य नै बालसाहित्य भएकाले यसमा बालमैत्री विषयवस्तु राखिन्छन् । बालसाहित्यमा मूलतः मनोरञ्जनात्मक विषयवस्तुलाई प्राधान्य दिइने भए पनि स्वास्थ्य चेतना, शैक्षिक उत्प्रेरणा, पर्यावरणीय संवेदनशीलता, सामाजिक आदर्श, नैतिक आचरण, सकारात्मक व्यवहारको अनुकरण आदि पक्षहरू पनि अप्रत्यक्ष किसिमले समावेश गरिएको हुन्छ । बालसाहित्य बालबालिकाका लागि मात्र नभएर किशोर किशोरीका लागि पनि उपयोगी मानिन्छ । बालसाहित्यको मूल ध्येय बालबालिकालाई मनोरञ्जन दिने र बालबालिकाको मनोवैज्ञानिक पक्ष उद्घाटन गरी बालबालिका, तिनका अभिभावक एवम् शिक्षक आदिलाई बालबालिकाका विशिष्ट पक्षसँग परिचित गराउनु हो । प्रौढहरूद्वारा बालबालिकाका लागि लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ भने बालबालिकाद्वारा लेखिएको साहित्यिक रचनालाई पनि बालसाहित्य भनिन्छ (पराजुली, २०६८, पृ. १८) बालबालिकाहरूलाई मनोरञ्जन दिने रचनात्मक एवम् सिर्जनात्मक हुन प्रेरणा दिने र ज्ञानविज्ञाका विषय सम्बन्धमा जानकारी दिने विषयवस्तुलाई उनीहरूको उमेरअनुसारको सरल सरस भाषामा रोचक तवरले लेखी रङ्गीन चित्रहरूसमेत सकेसम्म समाविष्ट गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति नै बालसाहित्य हो (प्रधान, २०६९, पृ. १३०) । बालबालिकाका निम्ति रचिएको

साहित्य; बालसाहित्यमा तीन विशेषता हुन्छन् : (१) बालपात्रको प्रयोग वा बालबालिकाले पहिचान गर्न सक्ने पात्र, (२) बालबालिकाकै लागि भनेर प्रक्षेपित सारवस्तु वा चेतनामूलक प्रयोजन र (३) बालबालिकाका निम्ति उपयुक्त हुने शब्द र वाक्यसंरचनायुक्त भाषाको प्रयोग। बालसाहित्य बालबालिकाको उमेरगत अभिरुचि, मानसिकता र सकारात्मक कल्पनालाई स्थान दिने मनोरञ्जनात्मक सिर्जना हुनाले यो उनीहरूको पहुँचभित्र रहनु आवश्यक छ (एटम, २०७४, पृ. १७०)। बालसाहित्य भन्नेबित्तिकै बालबालिकाका लागि सिर्जना गरिएको साहित्य भन्ने बुझिन्छ (कसजू, २०७४, पृ. १५२)। लोक बालसाहित्य (बाललोकगीत, बाललोककथा आदि) को पृष्ठभूमिमा बालबालिका स्वयम्ले वा अन्य उमेरका सर्जकहरूले सिर्जका र बालबालिकाले त्यसमा स्वत्वबोध गर्दै त्यसको गायन, पठन, अवलोकनबाट आनन्द प्राप्त गर्ने खालका रचनाहरू नै बालसाहित्यिक सिर्जनाहरू हुन् (घिमिरे, २०७४, पृ. ११३–११४)। व्यावहारिक ज्ञान र नयाँ नयाँ सूचना दिने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउँछ। यी भनाइका आधारमा 'बालसाहित्य बालबालिकाका व्यवहार तथा मनोविज्ञानको उद्घाटन गरी बालबालिका वा अन्य सर्जकद्वारा रचना गरिएका सिर्जना हुन् जसमा भाषा, शैली, विचार तथा विषयवस्तु बालमैत्री हुन्छन्' भनेर चिनाउन सकिन्छ।

बालसाहित्यको स्थूल र निश्चित परिभाषा दिन सकिँदैन किनभने बालबालिकाले जुन साहित्य सिर्जना गर्न सक्छन् वा उपयोग गर्न सक्छन् तिनै साहित्य बालसाहित्य हुन्। यसर्थ वयस्कका लागि सिर्जित साहित्य पनि पूर्णतः बालबालिकाबाट निरपेक्ष त हुनै सक्दैनन्। यसो भए पनि बालमैत्री साहित्यलाई बालसाहित्य भन्नु नै उपयुक्त ठहर्छ। विश्वसाहित्यमा चित्र पुस्तकहरू र बच्चाहरूको लागि विशेष गरी लेखिएका र पढ्न सजिला कथाहरू र परिकथाहरू, लोरी, दन्त्यकथाहरू, लोकगीतहरू र मौखिक माध्यमबाट प्रसारित साहित्यिक सामग्री नै बालसाहित्यका रूपमा चिनिन्छन्। विश्वसाहित्यमा बालउपन्यासलाई आख्यान (फिक्सन) को एक प्रकारमा गणना गरिएको भए पनि कथाहरू नै बढी प्रभावकारी बनेका छन्। नेपाली बालसाहित्यमा पनि अन्य विधाका तुलनामा उपन्यास विधा नवीन नै मानिएको छ। समकालीन समयमा भने नेपाली बालउपन्यास सिर्जनामा उल्लेख्य प्रगति भएको छ। हाल अनुदित उपन्यास र उपन्यासमा समावेश गरिने काल्पनिक विषयवस्तुभन्दा बालमनोवैज्ञानिक, बालमैत्री र सामाजिक यथार्थता बोकेका बालउपन्यासको बाहुल्य रहेको छ।

बालसाहित्यका कृतिहरूको आयाम अपेक्षाकृत साना नै हुन्छन्। खासगरी कथा, कविता, गीत, उपन्यास, जीवनी, निबन्ध, नाटक आदि विधामा बालसाहित्यहरू सिर्जना भएका हुन्छन्। बालकथा तथा बालगीत नै बालसाहित्यमा सुरुदेखि नै सिर्जित विधा हुन्। बालउपन्यासका माध्यमबाट बालबालिकामा मनोरञ्जन प्रदान गर्न सकिन्छ। मनोविज्ञानको उद्घाटनसहित अभिप्रेरणा पनि सिर्जना गर्न सकिन्छ। यति मात्र होइन सामाजिक सहभाव, ज्ञानको विकास तथा सदाचार निर्माणमा पनि बालउपन्यासको उच्च महत्ता रहन्छ। बालउपन्यासमा बालसाहित्यका अन्य विधामा जस्तै बालमैत्री पात्र, भाषा, शैली तथा विषय नै प्रविष्ट हुन्छ र हुनुपर्छ। अझ कतिपय रचनाहरू बालआख्यानका रूपमा मात्र देखिएका छन्। त्यस्ता रचना न त कथाका रूपमा न त उपन्यासकै दर्जामा देखिन्छन्। यस्ता सामग्रीलाई अध्याय पुस्तकका रूपमा चित्रण गरिएको (घिमिरे, २०७४, पृ. १३९) पनि पाइन्छ। बालसाहित्य खासगरी विधागत सचेतनाको पक्ष नभएर बालमनोरञ्जन तथा बालमैत्री पक्षमा केन्द्रित हुने भएकाले पनि यस्ता सिर्जना भएको अनुमान गर्न सकिन्छ। नेपाली बालउपन्यासको पूर्वार्धमा काल्पनिक, अतियथार्थ एवम् पौराणिक विषयवस्तु मानवेतर पात्रहरूको बाहुल्य र सघनता रहेको भए तापनि समकालीन नेपाली बालउपन्यासमा यथार्थ विषयवस्तुले प्राथमिकता पाएका छन्। सामाजिक तथा मनोवैज्ञानिक विषयवस्तुका समावेशले बालउपन्यास पठनीय, बोधगम्य, अनुकरणीय, मनोरञ्जनात्मक र अभिप्रेरणामूलक बनेका छन्।

पर्यावरणीय सन्दर्भमा केन्द्रित साहित्यलाई पर्यासाहित्य भनिन्छ । पर्यासाहित्यमा पृथ्वीसँग सन्तुलन कायम गर्दै सामाजिक तथा पर्यावरणीय सम्बन्धका बारेमा सचेतनामूलक गतिविधि केन्द्रित गर्नुपर्छ (मिसियजेक, सन् २०२२, पृ. २६) । पर्यासाहित्यले पारिस्थितक प्रणालीहरूलाई एकीकृत गर्न सिकाउँछ । पृथ्वी मानिसको मात्र हो भन्ने परम्परित मानसिकता, जीवनशैली तथा संस्कृतिका विरुद्धमा आलोचनात्मक दृष्टि राख्दै सबै प्राणी एवम् वनस्पतिको स्वन्त्रता एवम् अस्तित्वका बारेमा चिन्तन गर्न सक्ने बनाउनु पर्यासाहित्यको मूल अभीष्ट हो । मानिसलाई स्वन्तन्त्रताको जति महत्त्व छ त्यति नै प्रकृतिका प्रत्येक प्राणी र वनस्पतिलाई पनि स्वतन्त्रताको महत्त्व छ भन्ने विषयमा स्पष्ट हुनुपर्छ । पर्यावरणीय मूल्य प्रत्येक व्यक्तिले सामाजिक र वातावरणीय न्यायका बारेमा चिन्तन गर्दै पृथ्वीका जैविक प्रजातिहरूको पारिस्थितिक गतिमा न्यायोचित व्यवहार सम्पादनमा केन्द्रित रहन्छ (कान, सन् २०१०, पृ. १३६) । यसले प्राकृतिक पारिस्थितिकी र सामाजिक पारिस्थितिकीका विषयवस्तुलाई स्पष्ट गर्दै तिनको स्वाभाविक अन्तःसम्बन्ध, चक्रीय प्रणाली तथा मानवीय भूमिकाका बारेमा सुसूचित गर्छ । पृथ्वीमा रुख, चराचुरुङ्गी, जनावर, नदी, समुद्र आदि पर्यावरणीय पक्ष नभएको भए मानिसको अस्तित्व सम्भव थिएन तसर्थ पर्यासाहित्यले पारिस्थितिकीको अन्तःसम्बन्धका बारेमा स्पष्ट दृष्टिकोण निर्माणमा सहयोग पुऱ्याउँछ (फ्रेरे, सन् २००५, पृ. ८२) । यसबाट सामाजिक र प्राकृतिक वातावरणको सम्बन्ध एवम् सचेततासहित पर्यावरणीय सन्दर्भलाई दिगो विकासका लक्ष्यका मूल कार्यक्रमसँग एकीकृत गर्नका लागि जोड दिनु आवश्यक छ भन्ने स्पष्ट हुन्छ ।

प्राणी र पर्यावरणको आपसी सम्बन्धले नै सृष्टिको अस्तित्व गतिशील भएकाले पर्यावरणीय तत्त्वहरूको अस्तित्व रक्षा, सन्तुलन एवम् प्रवर्धनप्रति सचेत बन्नुपर्छ । यसका लागि साहित्य, पाठ्यपुस्तक, सामाजिक व्यवहार, सांस्कृतिक मूल्य आदि सबै पक्षमा तिनको उपयोगिता र महत्त्व देखाउनु आवश्यक हुन्छ । पर्यावरणीय चेतना साहित्यमा महत्त्वका साथ प्रस्तुत गर्नुपर्छ (गौतम, २०६९, पृ. ३७) । पर्यावरणीय सन्दर्भ मानिसको सांस्कृतिक पक्षसँग पनि सम्बन्धित छ (एटम, २०६९, पृ. ५७) । उत्तरऔपनिवेशिक प्रवृत्तिले पर्यावरणमाथि प्रभाव पारिरहेको छ (रेग्मी, २०६९, पृ. ३५) । पर्यावरणीय चिन्तन एवम् सचेततामा स्वच्छन्दतावादीहरू प्रकृतिका विविध पक्ष वा पर्यावरणसँग निकट भई सिर्जना गर्न लालायित हुने र स्वच्छन्दतावादी सिर्जनाले पर्यावरणको मित्रवत् परख गर्ने (भट्टराई, २०७०, पृ. ७६) भएकाले स्वच्छन्द साहित्य पर्यावरणीय दृष्टिले उपयुक्त हुन्छ । पर्यावरण र नारीलाई पितृसत्ताको प्रतिनिधि राज्यसत्ताले प्रतिस्पर्धात्मक रूपमा उपभोग गरी तिनको अस्तित्वलाई सङ्कटमा पारेर आफ्नो प्रभुत्व कायम गरेको हुँदा त्यसतर्फ सचेततापूर्वक प्रतिरोध गर्नुपर्छ (एटम, २०७४, पृ. ६३) । पितृसत्ताको प्रभुत्व र युद्धजनित विध्वंश एवम् विस्थापनले पर्यावरणीय पक्षमा ह्रास आइरहेको हुन्छ । त्यस्ता प्रभुत्व र विध्वंशका विरुद्धमा पनि आवाज उठाउनु आवश्यक छ ।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा तथा प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ । जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ । प्रकृतिले प्राणी तथा वनस्पतिका आआफ्नै जीनन चक्र दिएको छ, तिनको सृष्टि तथा जन्म र अन्त्य वा मृत्यु मात्र होइन, तिनीहरूका माटो, पानी, हावा आदिमा सम्मीलनको प्राकृतिक नियम नै छ । त्यस्ता स्वाभाविक गतिमाथि मानिसको सकारात्मक सहयोग हुनु आवश्यक छ । मानिसले तिनको संरक्षण गर्न सक्नुपर्छ । पारिस्थितिक प्रणालीको स्वाभाविक गतिमा मानिसबाट नियन्त्रण र बाधा होइन कि सकारात्मक सहयोग हुनुपर्छ (ट्यालर, सन् २०११, पृ. ११३) । तसर्थ प्रकृतिले मानिसबाट अभिभावकीय भूमिकाको अपेक्षा गर्छ भन्न सकिन्छ । प्रकृति र मानवीय क्रियाकलापबिचको सम्बन्ध प्रगाढ हुने भएकाले पर्यावरणीय स्वच्छतातर्फ मानिस अग्रसर हुनुपर्छ । पर्यावरणबाट मानिस र मानिसबाट पर्यावरणको अस्तित्व रक्षा हुन्छ । प्रकृति र मानवीय क्रियाकलापको सम्बन्धको विश्लेषणका साथै पर्यावरणीय सन्दर्भमा प्रकृति र नारी सम्बन्ध अझ सुमधुर हुन्छ । ग्रामीणपन प्रकृतिसँग मानवीय

सम्बन्ध मौलिक रहेको तर सहरीया परिवेशमा मानस र पर्यावरणीय अन्तःसम्बन्ध कायम हुन नसकेको (न्यौपाने, २०७९, पृ. ४२) स्थिति छ । पर्यावरण र मान्छेका बिचको सम्बन्ध तथा मान्छे पर्यावरणबाट भिन्न रहेर आफ्नो अस्तित्व कायम नसक्ने हुनाले मानिस र पर्यावरणका बिचमा घनिष्ठ सम्बन्ध रहेको छ (पोखरेल, २०७५, पृ. ४७) । पहिले मानिस र प्रकृतिबिचको प्रगाढ सम्बन्ध कायम थियो भने अहिले मानिसका गतिविधिले प्रकृतिसँगको त्यो सम्बन्ध बिग्रिएको छ, मानिसका क्रियाकलापका कारण प्रकृतिको स्वाभाविक गति एवम् सुन्दरतामा बाधा सिर्जना भएको छ (ग्रार्ड, सन् २००४, पृ. १) । यसबाट पर्यावरणीय पक्षमाथि मानिसको नकारात्मक हमला भइरहेको प्रस्ट हुन्छ ।

पृथ्वी र प्रकृतिमाथि भइरहेका विनाश एवम् क्षयीकरणले प्रत्यक्ष र परोक्ष रूपमा हामीलाई नकारात्मक असर परिरहेको सन्दर्भ एकातिर छ भने अर्कातिर पर्यावरणीय सन्तुलनका लागि मानिसबाट हुनुपर्ने पहल पनि नभइरहेको अवस्था छ । प्रकृतिलाई मानिसले आफ्नो मात्र सम्पत्ति ठानेको र अझ पुँजीवादी मानसिकताले प्रकृतिको निरन्तर दोहन गरिरहेको वर्तमान अवस्थामा बालसाहित्य मात्र होइन सबै किसिमका साहित्यले पर्यावरणमैत्री भावना र विचार विकास गर्ने ध्येय राख्नुपर्ने देखिन्छ ।

## ४. विमर्श र परिणाम

*झल्को* बालउपन्यासमा विविध विषयवस्तुले स्थान पाएका छन् । सहरिया परिवेशमा हुर्केबढेका बालबालिका ग्रामीण जनजीवन एवम् सामाजिक सांस्कृतिक विषयमा अनभिज्ञ भएको र लेखकले बालबालिकालाई चाडपर्वको समयमा गाउँमा लगेर त्यहाँको परिवेश, आफन्त, समाज एवम् संस्कृतिमा परिचित गराएको विषयवस्तु समावेश गरिएको छ । आधुनिक र यान्त्रिक परिवेशका कारण हाम्रा मौलिक शैली एवम् संस्कार ओझेलमा परेको अवस्था उद्घाटन गर्दै बालबालिकालाई मौलिक एवम् सांस्कृतिक मूल्यतर्फ अभिमुख तुल्याउनुपर्ने विचारसहित कृति तयार पारिएको छ । उक्त कृतिमा पर्यावरणीय विषयवस्तुले प्रमुख स्थान पाएका छन् भने बालमैत्री शैलीबाट पर्यावरणीय पक्षलाई प्रविष्ट गराइएको पाइन्छ । कृतिमा अभिव्यक्त पर्यावरणका तीन पक्षलाई यहाँ उपशीर्षक निर्धारण गरी उदाहरणसहित विश्लेषण गरिएको छ ।

### ४.१ मानिस र पर्यावरणीय सम्बन्ध

मानिसले मानिसका लागि मात्र होइन प्रकृति एवम् प्राणीका लागि पनि सोच्न र तदनुकूलका व्यवहार गर्न सक्नुपर्छ । मानिस विवेक र विचारका कारण अन्य प्राणीभन्दा भिन्न भएकाले सबै प्राणीप्रति संवेदनशील हुनुपर्ने र तिनको संरक्षणमा ध्यान दिन सक्नुपर्छ । उपन्यासमा ग्रामीण परिवेशको झलकसहित मानिस र प्राणीबिचको सम्बन्धलाई यस प्रकार प्रस्तुत गरिएको छ :

> आँगनमा केही परेवा र भँगेरा चर्दै थिए । आमाले परेवालाई मकै दिनुभयो । आमाले एउटा डालाबाट एक मुठी कोदो झिक्नुभयो । ... अर्को डालाबाट अलिकति तोरी झिकेर त्यसैमा मिसाउनुभयो । अनि आ ! आ ! भन्दै भँगेरा भएतिर छरिदिनुभयो । छोरीले दुईचार गेडा मकैका फूल परेवातिर फालिदिई । परेवा पहिले अलिक पर भागे । फेरि आएर मकैका फूल चुच्चाले टिपेर खाए । “खायो !” छोरी उत्साहित भई । (पृ. १०–११)

माथिको उदाहरणमा हजुरआमाले परेवाप्रति देखाएको व्यवहारबाट नातिनी प्रभावित र उत्सुक भएको देखाइएको छ । बालबालिकामा हुने प्राणी र प्रकृतिजन्य स्वाभाविक संवेदना एवम् मौलिक शैली र स्वभाव उद्घाटन भएको उक्त

उदाहरणले मानवका जीवन व्यवहारले प्रकृति र प्राणीको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका देखाएको छ । यस उदाहरणमा मानव तथा अन्य प्राणी एवम् पर्यावरणबिच अभेद्य सम्बन्ध हुन्छ भन्ने स्पष्ट पारिएको छ ।

उपन्यासमा सहरमा पाइने दुधको गुणस्तरसँग गाउँमा पाइने दुधको गुणस्तर तुलना गरिएको छ । यहाँ दुधको उदाहरण एउटा नमुनाका रूपमा राख्दै उपन्यासकारले कृत्रिम शैलीबाट परिचालित वस्तु र मौलिक वस्तुबिचको भेद गर्दै पर्यावरणीय मौलिकतातर्फ सङ्केत गरेका छन् । सहरीकरणका कारण बालबालिकामा आफैले खाने वस्तु तथा पदार्थका स्रोतसम्बन्धी ज्ञान हराउँदै गएको र त्यस्ता वस्तुको मौलिक उत्पादनका तरिका एवम् उपयोगितासम्बन्धी ज्ञानगत एवम् प्रयोगगत रिक्तता बढ्दै गएको अवस्थामा यस कृतिमा सुबोध तरिकाबाट उजागर गरिएको छ । त्यस्ता विषयको तथ्यगत उदाहरण यस प्रकार छ :

> बजारको दुध त्यति मिठो हुँदैनथ्यो । ... यहाँको दुध त चिनी नहाली मिठो थियो । ओजस्वीले मिठो मानीमानी एक गिलास दुध खाएकी थिई (पृ. २८)
>
> ....यसलाई पिना भन्छन् । यो नुहाउन, लुगा धुन, बिरुवालाई मलका रूपमा हाल्न, गाईवस्तुलाई खुवाउन काम लाग्छ । कतै कतै यसलाई अचार बनाएर खाने चलन पनि छ । (पृ. ३७)

माथिका दुईओटा उदाहरणमा दुधको स्रोत एवम् शुद्धताको प्रकृति तथा स्वादका बारेमा उल्लेख गरिएको छ भने अर्को उदाहरण तोरीबाट तेल निकालेपछि रहने ठोस पदार्थका बारेमा परिचित गराउँदै त्यसको उपयोगका बारेमा पनि बताइएको छ । मानिस तथा कृषिजन्य उत्पादनका सम्बन्ध देखाउँदै मौलिक पर्यावरणका पक्षलाईसमेत स्वाभाविक किसिमले उठान गर्दै मानिस तथा पर्यावरणको सम्बन्ध देखाइएको छ ।

पर्यावरणीय पक्षसँग मानिसको सम्बन्धका बारेमा लेखकले सरल किसिमबाट उल्लेख गरेका छन् । वनस्पति एवम् जीवजन्तुको अस्तित्व स्वीकार गर्दै तिनको संरक्षण गर्ने जिम्मा पनि मानिसकै भएकाले तिनको रक्षार्थ नेपाली संस्कार निर्माण भएका जनाइएको छ । हाम्रा ग्रामीण तथा सहरी परिवेशमा विभिन्न वनस्पति तथा जीवजन्तुलाई श्रद्धा गर्ने, तिनको पूजा गर्ने, संरक्षण गर्ने संस्कृति रहेको जनाउँदै त्यस्ता मान्यताका कारण मानिस र पर्यावरणीय सहसम्बन्ध विकास भइरहेको विषयवस्तुतर्फ बालबालिकालाई पनि सुसूचित गराइएको छ ।

> उसले रुखबिरुवा, नदी, पहाड, हिमाल, चराचुरुङ्गी, किराफट्याङ्ग्रा सबैलाई भगवान् मान्यो । त्यसैले हाम्रा भगवान् मानिस, पशु, रुख आदि रूपमा रहेका हुन्छन् (पृ. ४३) ।
>
> ....यो कालिज हो नानी । मैले जान्दा यहाँ रुखै थिएनन् । चराको त के कुरा । अहिले यहाँ कालिज, चिबे, जुरेली, ढुकुर, काग, कोइलीजस्ता धेरै थरी चरा पाइन्छन् । यति मात्र हो र यहाँ खरायो, वनबिरालो, मृग, दुम्सी, बँदेल, स्याल पनि बस्छन् । अस्ति त चितुवा पनि देखियो भन्दै थिए मानिसहरू । (पृ. ६९–७०)

मानिसका व्यवहार प्रकृतिमैत्री हुन सकेमा पर्यावरणको विकास हुने जनाउँदै वृक्षरोपणका कारण वातावरणमा सकारात्मक प्रभाव पर्ने, मानिसलाई पनि फाइदा पुग्ने र अन्य प्राणीको पनि रक्षा हुने विषयवस्तु यस कृतिमा समावेश गरिएको छ । प्राणीजन्य र वनस्पतिजन्य पारिस्थिति निर्माणमा मानिसको अहम् भूमिका हुने भएकाले पारिस्थितिक प्रणालीको स्वाभाविक गतिमा मानिसबाट नियन्त्रण र बाधा होइन कि सकारात्मक सहयोग हुनुपर्छ (ट्यालर, सन् २०११) भन्ने विचारलाई यस कृतिमा सघन किसिमले प्रस्तुत गरिएको छ ।

> जङ्गल बढेपछि चराचुरुङ्गी र पशु पनि बढ्छन् । यी हाम्रा सहयोगी हुन् । घाँसदाउरा र जडीबुटी पाउने कुरा त छँदै छ ।....यहाँ पहिले पानी थिएन । अहिले त पानी उम्रेछ । ... यहाँको पानी खाँदा त बिरामी परिँदैन नि । यो सहरको जस्तो होइन । जरुवाको पानी हो । (पृ. ७०–७१)

माथिका उदाहरणमा लेखकीय आग्रहका कारण पर्याचेतको पर्याप्त प्रस्तुति रहेको देखिन्छ । पृथ्वीमा रुख, चराचुरुङ्गी, जनावर, नदी, समुद्र आदि पर्यावरणीय पक्ष नभएको भए मानिसको अस्तित्व सम्भव थिएन तसर्थ पर्याशैक्षणिक सन्दर्भमा शिक्षक उक्त पारिस्थितिकीको अन्तःसम्बन्धका बारेमा स्पष्ट दृष्टिकोणका साथ सचेत एवम् संवेदनशील हुनुपर्छ (फ्रेरे, सन् २००५) भन्ने विचारलाई लेखकले अङ्गीकार गरेको देखिन्छ । बालबालिकालाई ग्रामीण परिवेशसँग परिचित गराउँदै मानिसकै कारण वनजङ्गलको विकास गर्न सकिने, त्यसबाट मानिसले पर्याप्त फाइदा लिन सक्ने एवम् पर्यावरणीय विकासमा टेवा पुग्ने जनाउँदै मानिस र पर्यावरणबिच सम्बन्ध रहेको विचार प्रकट गरेका छन् ।

यसरी यस कृतिमा प्रकृतिका विभिन्न पक्षसँग मानिसको प्रत्यक्ष सम्बन्ध रहेको, प्राणी एवम् वनस्पतिप्रति मानिसको आस्था कायम रहेको, प्राणी एवम् वनस्पतिको विकास तथा संरक्षणमा मानिसको भूमिका रहेको र प्रकृतिका मौलिक वस्तु मानिसका लागि बढी लाभदायक रहेको जनाउँदै त्यस्ता पक्षसँग बालबालिक परिचित हुनु आवश्यक रहेको विचार यस कृतिमा व्यक्त गरिएको छ ।

## ४.२ सामाजिक र सांस्कृतिक पर्यावरण

नेपाली समाज सांस्कृतिक र सामाजिक दृष्टिले विविधतामय रहेको छ । नेपाली ग्रामीण समाजका दैनिकीसँग सम्बद्ध परिवेश एवम् वस्तुका बारेमा सहरिया परिवेशका बालबालिका अपरिचित छन् । तिनलाई मौलिक सांस्कृतिक तथा सामाजिक वस्तुका बारेमा जानकारी लिने र उपयोग गर्ने अवसरबाट वञ्चित गरिएको अवस्था छ । नेपाली सामाजिक सांस्कृतिक वस्तु एवम् परिवेश हराउँदै गएका छन् जसका कारण मौलिक पनि खस्कँदै गई कृत्रिमताको भारी बोक्न बाध्य बनाइएको छ भन्ने विषयप्रति लेखक सचेत छन् । उनले ग्रामीण जनजीवनका साधनका बारेमा बालउपन्यासका विभिन्न पात्रका माध्यमबाट सरल र सुबोध किसिमले प्रस्तुत गरेका छन् ।

> मैले छोरीलाई पाली, ढिकी, जाँतो चिनाएँ । गाईको गोठ र बाख्राको खोर पनि चिनाएँ (पृ. १३) । ...ओजस्वीकी हजुरआमा बिहानै नुहाइधुवाइ गरेर मोठमा तुलसीको पूजा गर्दै हुनुहुन्थ्यो (पृ. १५) । ...आज एकादशीको दिन भगवान्को पूजा गऱ्यो भने ज्ञानी भइन्छ । ल तिमी पनि यो अछेता भगवान्लाई चढाऊ । ...अक्षता, फूल, पाती चढाई (पृ. १७) । ...हजुरबाले ठेकीमा मधानी हालेर घुर्रामा मधानी अड्काउनुभयो । एउटा थाममा घुर्रा बाँधिएको थियो । ...हजुरबा बाँसको मुडामा बस्नुभयो ...मधानी घुमाउन थाल्नुभयो । (पृ. २९)

माथिका पहिलो तथा दोस्रो उदाहरणमा घरबाहिरको मोठ र त्यसमा रोपिएको तुलसीको बोटका साथै विभिन्न तिथिमितिका आधारमा गरिने आध्यात्मिक कार्यका बारेमा उल्लेख गरिएको छ । त्यस्ता कार्य सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय दृष्टिले महत्त्वपूर्ण छन् भन्ने ज्ञानसहित तदनुकूलका आधारणमा बालबालिकालाई प्रवृत्त गराउन सकेमा तिनमा मनोवैज्ञानिक ऊर्जाको विकास हुने र सत्कार्यतर्फ अभिमुख हुने विश्वास गरेको देखिन्छ । यस्ता विषयवस्तुका माध्यमबाट सामाजिक र सांस्कृतिक परिवेश विकासमा सहयोग पुग्ने देखिन्छ ।

> गाउँमा बर्थडे केक काट्ने चलन छैन । हामी त खिर र सेल खान्छौँ (पृ. ६०) ।

> धेरै बेर पढिसकेपछि हजुरबाका घाँटीमा रातो र पहेँलो मिसिएको डोरो बाँधिदिनुभयो । यसैगरी हजुरआमालाई पनि डोरो बाँधिदिनुभयो । निधारमा टीका पनि लगाइदिनुभयो । (पृ. ६१)

माथिको पहिलो उदाहरणले नेपालमा विकसित भइरहेको पश्चिमा संस्कृति नेपालीका लागि गलत भएको र नेपाली संस्कृति अलग्गै रहेको जनाउँदै गलत संस्कृतिमा प्रवृत्त हुन नहुने जागरण पनि बालबालिकामा विकास गराउने प्रयत्न उपन्यासकारले गरेका छन् । त्यस्ता जन्मदिनमा 'केक काट्ने' संस्कृति अपनाउनुको सट्टा रुख रोप्ने संस्कृति विकास गरी पर्यावरण संरक्षण एवम् सन्तुलन विकास गर्दै मानवीय आवश्यकता पूर्तिका लागि पनि उपयोगी सिद्ध भएको तलका उदाहरणबाट लेखकको सांस्कृतिक विषवस्तुका माध्यमबाट पर्यावरण संरक्षण तथा सन्तुलन गर्न सकिने सचेतना प्रकट भएको छ, जुन मौलिक र सार्थक विचार मान्न सकिन्छ ।

> तपाईंले जन्मदिनमा रुख रोप्ने चलन चलाएपछि त रूपै फेरियो नि दाइ । पहिले पानीको हाहाकार हुने यस ठाउँमा मूल पलायो । ...विदेशी संस्कृतिको नक्कल गर्नुभन्दा यो हरियाली संस्कृति विकास गर्नु सारै राम्रो हो । (पृ. ६४–६५)

> मेलामा ठाउँठाउँमा ग्राहकलाई आकर्षित गर्न माइकमा गीत बजाइएको थियो । लिङ्गे पिङ र रोटे पिङ हालिएका थिए । काही भुँइमा बोरा, त्रिपालमा गाउँबाट ल्याएका तरकारी र फलफूल राखेर बेच्न लागेका थिए । कोही डोका, डाला र गुन्द्रीको पसल थाप्दै थिए । कृषि मेला भएर होला कृषकले आफ्ना उत्पादन लिएर आएका थिए । (पृ. ८३)

> होमस्टेका काठले बारेका र टिनले छाएका दुईओटा घर थिए । वरिपरि सफा वातावरण थियो । बेगुनिया फूल फुलेर सारै रमाइलो भएको थियो । घरका बार्दलीभरि रङ्गीचङ्गी बेगुनिया थिए । अलिक पर खोरमा कुखुराका भाले थिए । अर्को खोरमा खरायाका पाठा खेल्दै थिए । आँगनको पल्ला छेउमा बाख्राको टाट्नो थियो । त्यसभन्दा पर दुइटा जर्सी गाई उघ्राइरहेका थिए । (पृ. ९३)

विश्लेष्य बालउपन्यासका उपर्युक्त उदाहरणमा नेपाली समाजका आआफ्नै शैली तथा संस्कार रहेका र तिनलाई आधुनिक समयको मागअनुसार परिष्कृत गर्दै लैजान सकेमा सामाजिक सांस्कृतिक परिवेशको संरक्षण तथा विस्तार पनि हुने जनाइएको छ । स्थानीय कला, संस्कृति तथा कृषिका माध्यमबाट नेपालीहरूको अर्थोपार्जन र आत्मनिर्भरताका विषयवस्तुसहित स्थानीय परिवेश एवम् पर्यावरणलाई सरल र मौलिक किसिमले प्रस्तुत गरिएको उपर्युक्त विषयवस्तुमा बालमैत्री शैलीले लेखकीय सचेतता प्रकट भएको छ ।

### ४.३ पर्यावरण संरक्षण

प्रकृतिमा हुने माटो, पानी, वनस्पति, प्राणी एकापसको अस्तित्वका लागि तिनको अन्तःसम्बन्ध रहेको जनाउँदै लेखकले पानीको महत्त्व वनस्पतिका लाीग अनिवार्य भएको जनाएका छन् । यसका माध्यमबाट प्रकृतिका प्रत्येक वस्तु एवम् पदार्थको सहअस्तित्व आवश्य रहेको जनाइएको छ ।

> यो पानी साग र अरू तरकारीलाई लगाउनुपर्छ । पानी भएन भने तरकारी पनि मर्छ नि (पृ. २१) । ...यतिकैमा बिरुवा रोप्ने ठाउँ तयार भयो । हजुरबाले बरपिपल रोप्ने योजना रहेछ । दुइटा खाडल खनिएका थिए ।

...हजुरबाले एउटा खाडलमा बर र अर्को खाडलमा पिपल रोप्नुभयो । ... हाम्री नातिनीलाई समीको बिरुवा रोप्न लगा है । समीको बिरुवा केटाकेटीलाई रोप्न लगाउनु भन्छन् । (पृ. ६३)

वातावरणको संरक्षण गर्ने जिम्मा पूर्णतः मानिसको नै हो । मानिसले पर्यावरणीय सचेतचासहित आफ्ना व्यवहार सम्पादन गर्नुपर्छ । मानिसले पृथ्वीसँग सन्तुलन कायम गर्दै सामाजिक तथा पर्यावरणीय सम्बन्धका बारेमा पर्यावरणमैत्री गतिविधि गर्नुपर्छ (मिसियजेक, २०२२) भन्ने विचारलाई लेखकले अवलम्बन गरेका छन् ।

ल अब एउटा, दुइटा, तीनटा जति रोप्न सकिन्छ, सबैले बिरुवा रोपौँ है (पृ. ६४) । ...गाउँपालिकाले राम्रो उत्पादन गर्ने कृषकलाई पुरस्कृत गर्ने भएकाले आफूले राम्रो ठानेका फलफूल, तरकारी ल्याएका थिए (पृ. ८३) । ...उसले पेन्सिलले एउटा पहाड बनाई । पहाडका अलिक तल हरियो जङ्गल बनाई । जङ्गलको बिचबाट बगेको एउटा नदीको आकृति पनि कोरी । जङ्गलका बिचमा एउटा सानो गोरेटो बाटो बनाई र त्यहाँ एउटा चौताराको आकृति बनाई (पृ. १३७) । ...उसले चौताराको अर्को छेउमा कोट्याएर समीको एउटा बिरुवा रोपी । उसले समीको रुखतिर हेर्दै दुई हात जोडेर भनी, "आमा ! मेरो भगवान् ! यो चाहिँ हजुरको सम्झनामा ।" ...गाउँका मानिस हेरिरहेका थिए । पण्डितले ओजस्वीतिर हेर्दै भने, "हजुरबाले जन्मदिनमा रुख रोप्ने चलन चलाउनुभयो । आज यो नानीले मृत्युमा रुख रोपेर नयाँ सुरुआत गरी है" । (पृ. १४३)

उपर्युक्त उदाहरणमा मानिसले आफ्नै लागि गर्ने कृषि खेतीका कारण पनि वातावरणको संरक्षण एवम् सन्तुलन भइरहको हुन्छ भन्ने विचार व्यक्त भएको छ । त्यसैगरी अर्को उदाहरणमा ओजस्वीले आफ्नी हजुरआमाको मृत्युको परिवेशमा पनि रुख रोपेर नयाँ कार्यको थालनी गरेको देखाइएको छ । यहाँ स्मरणीय छ उनका हजुरबुबाले जन्मदिनमा रुख रोप्ने प्रचलन प्रारम्भ गरेका थिए र त्यस कार्यबाट गाउँमा नै सकारात्मक प्रभाव परेको थियो । जन्म र मृत्यु दुवै संस्कारमा लेखकले जसरी वृक्षरोपणको संस्कृतिलाई प्रश्रय दिएका छन् यसलाई पर्यावरणका लागि सांस्कृतिक नवनिर्माण भन्न सकिन्छ ।

## ५. निष्कर्ष

मानिस पर्यावरणीय मूल्यसहित सामाजिक र वातावरणीय न्यायका बारेमा चिन्तन गर्दै पृथ्वीका जैविक प्रजातिहरूको पारिस्थितिक गतिमा न्यायोचित व्यवहार सम्पादनमा केन्द्रित हुनुपर्छ भन्ने विचारसँग यस कृतिको मुख्य विचार सम्बद्ध छ । लेखकले जन्म र मृत्यु दुवै परिवेशमा वृक्षरोपण संस्कार विकास गराउन सकेमा पर्यावरण संरक्षण गर्दै आत्मिक सुखसहित श्रद्धा व्यक्त हुने विचार राखेका छन् । पर्यावरणीय सन्तुलनका सांस्कृतिक आस्थासहित बानी विकास गर्नुपर्ने विचार विश्लेष्य बालउपन्यासको मूल अन्तर्य हो । त्यसै गरी नेपाली समाजका सांस्कृतिक मूल्य, मौलिक वस्तु, स्थानीय शैली तथा व्यवहारको प्रवर्धन तथा विस्तारसहित बालबालिकामा तत्सम्बन्धी ज्ञान विकास गर्दै सचेतता अभिवृद्धि गर्नु पनि यस कृतिको अभीष्ट देखिन्छ । विषयवस्तुको ओजपूर्ण प्रस्तुतिले कृतिलाई कतिपय सन्दर्भमा प्रौढ साहित्यका निकट पुऱ्याएको अनुभूति हुन्छ जसका कारण बालमैत्री शैलीभन्दा फरक देखिन्छ । लेखकीय आग्रहका कारण विषयवस्तु मनोरञ्जनात्मकभन्दा उद्देश्यमूलक देखिनु पर्याचेतका दृष्टिले उपयुक्त भए पनि बालसाहित्यका दृष्टिले दुरुह बनेको छ । शब्दभण्डारको प्रयोग तथा प्रस्तुतिको गतिका कारण पनि कृति बालमैत्रीभन्दा पनि प्रौढ साहित्यको नजिक छ । सारतः सांस्कृतिक सचेतना, पर्यावरणीय अन्तःसम्बन्ध निर्माण, मौलिक तथा स्थानीय परिवेश उद्घाटनसहित पर्यावरण सन्तुलनका लागि सांस्कृतिक नवनिर्माण कृतिको खास वैशिष्ट्य बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६९), पर्यावरणीय समालोचना, *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

एटम, नेत्र (२०७०), *अन्तर्विषयक नेपाली समालोचना,* काठमाडौँ : एकता बुक्स ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कसजू, विनयकुमार (सम्पा.), (२०७४), *प्रज्ञा बालसाहित्य विवेचना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कान, रिचार्ड (सन् २०१०), *क्रिटिकल पेडागोजी, इकोलिटरेसी एन्ड प्लानेटरी क्राइसिस,* न्युयोर्क : पिटर ल्याङ पब्लिसिङ ।

केरिज, रिचार्ड (सन् २००६), *इन्भारमेन्टालिज्म एन्ड इकोक्रिटिसिज्म लिटरेरी,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

खनाल, राजेन्द्र (सन् २०२०), ओक्कल दोक्कल पिपलपात कवितासङ्ग्रहमा प्रतीकविधान, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* (५), पृ. १५९–१६८। doi : https://doi.org/10.3126/ire.v5i1-2.34746

खनाल, राजेन्द्र (सन् २०२३), प्रिय मौनता कवितासङ्ग्रहमा प्रतीकको उपयोग, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* (८), पृ. २२–३० । doi: https://doi.org/10.3126/ire.v8i1.56723

खनाल, राजेन्द्र (२०८०), माध्यमिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पर्यावरणीय सन्दर्भको विश्लेषण, अनुसन्धान निर्देशनालय, त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत लघुअनुसन्धान प्रतिवेदन ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी, काठमाडौँ : एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

ग्रार्ड, ग्रेग (सन् २००४), *इकोक्रिटिसिज्म,* लन्डन : रुट्लेज ।

घिमिरे, ध्रुवकुमार (२०७४), *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

घिमिरे, ध्रुवकुमार (२०७५), *बालसाहित्य : केही सैद्धान्तिक विमर्श,* काठमाडौँ : हिमालय बुक स्टल ।

टाइसन, लुइस (सन् २०१०), *क्रिटिकल थ्योरी टुडे,* न्युयोर्क : रुट्लेज ।

ट्यालर, पौल डब्लु (सन् २०११), *रेस्पेक्ट फर नेचर,* लन्डन : प्रिन्स्टन युनिभर्सिटी प्रेस ।

न्यौपाने, महेन्द्र (२०७९), ब्लु प्लानेट कथासङ्ग्रहमा पर्यावरण, त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर, काठमाडौँमा प्रस्तुत लघु अनुसन्धान प्रतिवेदन ।

पराजुली, रञ्जुश्री (२०६८), *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

पोखेल, गोकुल (२०७२), *नदी किनाराका माझी काव्यसङ्ग्रहमा पर्यावरण, दर्शनाचार्य शोधप्रबन्ध,* नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पोखेल, गोकुल (२०७५), सिमसारका राजदूत काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध, *प्रज्ञा, १*(११७), नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, प्रमोद (२०६९), *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौँ : शिखा बुक्स ।

फ्रेरे, पाउलो (सन् २००५), *पेडागोजी अफ द अप्रेस्ड,* न्युयोर्क : द कन्टिनम इन्टरनेसनल पब्लिसिङ ग्रुप ।

भट्टराई, गणेशप्रसाद (२०८०), *झल्को,* काठमाडौँ :साङ्ग्रिला मिडिया ग्रुप प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोर्डन बुक्स ।

भट्टराई, गोविन्दराज (२०८०), परिवृत्तीय सिर्जना र मूल्याङ्कन, *पर्यासाहित्य : सिर्जना र सिद्धान्त* गोविन्दराज भट्टराई र विजय हितान, (सम्पा.), काठमाडौँ : सम्पूर्ण किताब ।

भट्टराई, रमेश (२०७०), *समय सौन्दर्य : पर्यावरण र कविता,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

मिसियजेक, ग्रेग विलियम्स (सन् २०२२), *इकोपेडागोजी,* लन्डन : ब्लुम्स बरी पब्लिसिङ ।